# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

**पशु सेवा कार्यक्रममा प्रस्तावना आव्हानको सूचना**

**सूचना नं. १-२०७८/०७९ (पशु सेवा)**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०६/१४**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिका भित्र तपसिलका कार्यक्रमहरू कार्यान्वयनका लागि कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका कृषक/ व्यवसायी/फार्म/उद्यमी/समुह/संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (२०७८/०७/१२) भित्र कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । कार्यविधिमा तोकिएका मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरू दर्ता गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट **www.bharatpurmun.gov.np** बाट डाउनलोड गर्न सकिने छ । विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-५३२०३७ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| क.सं. | कार्यक्रम | स्वीकृत परिमाण | बजेट/अनुदान प्रतिशत | आवेदक | कार्यान्वयन प्रकृया |
|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा काउम्याट वितरण | ५०० | २८ लाख/ ७०% | गाइभैंसीपालक कृषक | पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ अनुसार । |
| २ | यूवा लक्षित कार्यक्रम भेडाबाख्रा | ४ | ८ लाख/ ५०% | बाख्रापालक कृषक | |
| ३ | यूवा लक्षित कार्यक्रम बंगुर | ३ | ६ लाख/ ५०% | बंगुरपालक कृषक | |
| ४ | ५० भन्दा बढी बाख्रापालन गर्ने कृषकलाई १० बाख्रा खरिदमा अनुदान दिने | ५ | ७.५ लाख/ ५०% | बाख्रापालक कृषक | |
| ५ | मत्स्य व्यवसाय प्रवर्द्धनमा सहयोग (पोखरी मर्मत) | १५ | ४५ लाख/ ५०% | मत्स्यपालक कृषक | |
| ६ | खसीबोका संकलन केन्द्र निर्माण तथा लक्षित समुहबाट परिचालन गर्ने | १ | ८ लाख/ ५०% | बाख्रापालन समुह/सहकारी | |
| ७ | माछा-मासु पसल सुधारमा सहयोग कार्यक्रम | ९ | ९ लाख/ ५०% | माछामासु पसल सञ्चालक | |
| ८ | निर्वाहमूखि पशुपालन कार्यक्रम बाख्रा<br>निर्वाहमूखि पशुपालन कार्यक्रम बंगुर<br>निर्वाहमूखि पशुपालन कार्यक्रम कुखुरा | ६<br>२<br>१ | ५४ लाख<br>१६ लाख<br>४.३ लाख<br>६०% | बाख्रापालन समुह<br>बंगुरपालन समुह<br>कुखुरापालन समुह | |

प्रशासकीय अधि

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

BHARATPUR METROPOLITAN CITY

Office of Municipal Executive

Bharatpur, Chitwan, Bagmati Province, Nepal


**प्रस्तावकको योग्यता र पेश गर्नुपर्ने कागजातहरू:**

क. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म/समुह दर्ता भएको प्रमाण पत्र । फार्म दर्ता भएको मितिले १ वर्ष पुरा भएको हुनुपर्नेछ । तर निर्वाहमूखि पशुपालन कार्यक्रमको हकमा १ वर्ष पुरा हुन आवश्यक पर्दैन ।

ख. प्यान दर्ता/नविकरण भएको प्रमाणपत्र।

ग. नेपाली नागरिकताको प्रमाणपत्र ।समुह/सहकारीको हकमा अध्यक्षको नागरिकताको प्रमाणपत्र ।

घ. पशु विमा गरेको प्रमाण । ५० भन्दा बढी बाख्रा पालन गर्ने कृषकलाई १० बाख्रा खरिदमा अनुदान दिने कार्यक्रमको हकमा न्यूनतम १५ माउ बाख्रा विमा गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

ङ. आवेदन दस्तुर वापत रू. एक लाखसम्मको अनुदानमा रू. १००।–, रू एक लाख माथि रू. पाँच लाखसम्मको अनुदानमा रू. ३००।– र रू. पाँच लाखभन्दा माथिको अनुदानमा रू. ५००।– सम्बन्धित वडा कार्यालयमा नगद राजश्व तिरेको सक्कल रसिद ।

च. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस । मत्स्य व्यवसायको हकमा महानगरस्थित मत्स्य व्यवसायि संघको सिफारिस समेत ।

छ. यूवा लक्षित कार्यक्रमको हकमा प्रस्तावकको उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ ।

ज. मत्स्य व्यवसायीको हकमा वडाका अमिनबाट पोखरीको जलासय क्षेत्रफल प्रमाणित गरेको कागजात ।

झ. खसीबोका संकलन केन्द्र निर्माण कार्यक्रमका लागि निम्न थप कागजातहरू संलग्न गर्नुपर्नेछ ।

- संकलन केन्द्र निर्माणको लागि जग्गा व्यवस्थापनको सुनिश्चितता हुने प्रमाण ।
- कार्यक्रममा प्रस्तावना पेश गर्ने बारेको समुह वा सहकारीको बैठकको निर्णय प्रतिलिपी ।
- वडा कार्यालयका ईञ्जिनियरबाट निर्माणको लागि तयार गरिएको प्रमाणित लागत अनुमान ।
- सहकार्यको लागि प्रस्तावकले व्यहोर्ने रकम र स्रोत खुलेको विवरण ।
- संकलन केन्द्र स्थापना र सञ्चालको मोडल सहितको प्राविधिक प्रस्तावना ।

ञ. माछामासु पसल सुधार कार्यक्रमको हकमा दैनिक औषत कम्तिमा २० के.जि. मासु बेचबिखन गरेको वडा कार्यालयबाट प्रमाणित कागजात र पसल भाडामा सञ्चालन गरेको भए घरधनीसँगको कम्तिमा पाँच वर्षको भाडा संझौताको प्रतिलिपी र निजी भए घर भएको जग्गाको लालपूर्जाको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।

ट. निर्वाहमूखि पशुपन्छीपालन कार्यक्रमको हकमा आर्थिक दृष्टिकोणले पछी परेको समुह हुनुपर्नेछ ।

ठ. व्यवसायिक कृषकले प्रस्तावना पेश गर्दा गाइभैंसीको हकमा न्यूनतम ५ माउ, भेडाबाख्राको हकमा न्यूनतम १० माउ र बंगुरको हकमा न्यूनतम ५ माउ पालन गरेको हुनुपर्नेछ । तर काउम्याटका लागि गाइभैंसीको ५ भन्दा कम माउ पालेका कृषकहरूले समेत आवेदन दिन सक्नेछन् र यस्ता कृषकको फार्म दर्ता हुन आवश्यक पर्ने छैन ।

ड. पशुपन्छी विमा प्रिमियममा १२.५% अनुदान कार्यक्रमका लागि २०७९ असार १५ सम्म सम्बन्धित पशु सेवा केन्द्रमा निवेदन पेश गर्न सकिनेछ ।

**नोटः** *प्रस्तावनासाथ पेश गर्नुपर्ने आवेदन फारम भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाबाट प्राप्त गर्न सकिने छ ।*

..........................

रामबन्धु सुवेदी

**प्रमुख प्रशासकीय अधिकृत**